# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, मंसिर ०३ गते २०७५ साल ( संख्या १६

## भाग २

हल्दीबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झापा, १ नं प्रदेश नेपाल

हल्दीबारी गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७५ को ऐन/नियमावली/निर्देशिका/कार्यविधि नं १६

हल्दीबारी राजपत्र

# "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना** : "हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि" मुल लक्ष्य प्राप्ति गर्न गाउँपालिकाबाट यस क्षेत्रभित्रका उद्यमशील कृषकहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही अनुदान समेतको व्यवस्था गरी अर्गानिक कृषि उत्पादन र पशु उद्यम मार्फत व्यवसायिक समेत बनाउदै उनीहरुको जीवनस्तर अभिवृद्धि गर्दै जाने तथा स्थानीय बजारमा बाहिरबाट दैनिक आयात हुने कृषिजन्य वस्तुलाई क्रमशः निरुत्साहित गरी स्थानीय मुद्रा बाहिरिनबाट रोक्ने र अर्गानिक उत्पादन मार्फत समेत स्थानीय पर्यटन प्रवर्द्धन गर्न दोस्रो गाउँसभाबाट पारित **"किसानको खुशी, पशुपालन र कृषि"** कार्यक्रम कार्यान्वयन गर्नका लागि सभाले दिएको अधिकार प्रयोग गरी हल्दीबारी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम, र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **"किसानको खुशी, पशुपालन र कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि हल्दीबारी राजपत्रमा प्रकाशन भएपछि हल्दीबारी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-**

(क) "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले कार्यविधिको नियम ५ को उपनियम (१) को खण्ड (अ) वा (आ) तथा सोही नियमको उपनियम (२) र (३) बमोजिमको समिति समेतलाई सम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले गाउँपालिकाको दोस्रो गाउँसभाबाट पारित **किसानको खुशी, पशुपालन र कृषि** भन्ने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि बमोजिम तयार गरिएको कृषि र पशु तर्फका कार्यक्रमका लागि कृषकलाई उपलब्ध गराईने तालिम वा भौतिक पूर्वाधार निर्माण अनुदान वा वस्तुगत सामाग्री अनुदान वा नगद अनुदान मध्ये सबै वा कुनै एक वा एकभन्दा बढी कार्यक्रमलाई सम्झनुपर्छ ।

(ङ) "कृषक" भन्नाले विगतदेखी नै गाउँपालिका क्षेत्रभित्र कृषि पेशा अवलम्बन गर्दै आएका पुराना कृषक वा दर्तावाल कृषक समुह वा दर्तावाल कृषि फर्म वा सहकारी संस्था समेतलाई सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ र सो शब्दले दोस्रो गाउँसभाबाट स्वीकृत वडाको बजेट सिलिङ्गभित्रको कृषि र पशु तर्फका कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित वडाको वडा कार्यालय समेतलाई सम्झनुपर्छ ।

(छ) "कार्यविधि" भन्नाले "किसानको खुशी, पशुपालन र कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" लाई सम्झनुपर्छ ।

(छ) "अनुदान" भन्नाले कार्यविधि बमोजिम छनोट भएका कृषकलाई उपलब्ध गराइने भौतिक पूर्वाधार निर्माण अनुदान वा वस्तुगत अनुदान मध्ये दुवै वा कुनै एकमात्र अनुदान समेतलाई सम्झनुपर्छ ।

(ज) "स्वीकृत बजेट" भन्नाले दोस्रो गाउँसभाबाट पारित आर्थिक विकास शीर्षकको किसानको खुशी, पशुपालन र कृषि लगायतका कार्यक्रम कार्यान्वयन गर्नका लागि क्रियाकलाप सहित बाँडफाँड गरिएको यसै कार्यविधिको अनुसुची १ र अनुसुची २ मा उल्लिखित बजेट सम्झनुपर्छ र सो शब्दले सभाद्वारा पारित सम्बन्धित वडाको सिलिङभित्रको कृषि र पशु तर्फको कार्यक्रमको बजेट समेतलाई सम्झनुपर्छ ।

(झ) “अति विपन्न परिवार ” भन्नाले हल्दीबारी गाउँपालिकामा नै स्थायी बसोबास भएका अल्पसंख्यक, दलित, आदिवासी/जनजाती, मधेशी, मुस्लिम, पिछडावर्ग तथा अन्य समुदायका देहायमा उल्लिखित सबै वा कुनै एक अवस्थाका परिवारलाई सम्झनुपर्छ :-

- ✓ परिवारको स्वामित्वमा जग्गाजमिन नै नभएका, वा
- ✓ पाँच कठ्ठाभन्दा कममात्र खेतीयोग्य जमिन भई सरकारी रोजगारीमा पहुँच नपुगेका ।

(ञ) “क समुहका कृषक” भन्नाले एक विगाहा वा सोभन्दा कम खेतीयोग्य जमिन भई परिवारको कुनैपनि सदस्यको सरकारी रोजगारीमा पहुँच नभएका कृषकलाई सम्झनुपर्छ र सो शब्दले कम्तीमा पाँचजना कृषकहरु आपसमा मिली गठन गरेको दर्तावाल कृषि समुह समेतलाई सम्झनुपर्छ ।

(ट) “ख समुहका कृषक” भन्नाले एक बिगाहाभन्दा बढी पाँच बिगाहाभन्दा कम खेतीयोग्य जमिन भएका कृषकलाई सम्झनुपर्छ र सो शब्दले दर्तावाल कृषि फर्म वा क समुहमा नपरेका कृषक समेतलाई सम्झनुपर्छ ।

(ठ) “ग समुहका कृषक” भन्नाले पाँच बिगाहाभन्दा बढी खेतीयोग्य जमिन भएका कृषक वा सहकारी संस्थालाई सम्झनुपर्छ र सो शब्दले ख समुहमा नपरेका कृषक समेतलाई सम्झनुपर्छ ।

**३. पारदर्शी प्रकृयाको अवलम्बन गरी कार्यक्रम सञ्चालनका लागि कृषक छनोट गर्नुपर्ने** : (१) समितिले कम्तीमा पन्ध्र दिन अगावै कार्यक्रम सञ्चालनका लागि कार्यविधिले उल्लेख गरेका कार्यक्रम बाँडफाँड एवम् मापदण्डको अधीनमा रही इच्छुक कृषकहरुलाई लक्षित गरी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) इच्छुक कृषकहरुले उपनियम (१) बमोजिमको सूचनामा तोकिएका सबै विषयहरु उल्लेख गरी कार्यक्रममा सहभागिताका लागि कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ ।

(३) समितिले उपनियम (२) बमोजिम कार्यालयमा रीतपुर्वक दर्ता हुन आएका आवेदन उपर छानवीन गरी स्वीकृत कार्यक्रम बाँडफाँड र मापदण्डको परिधी भित्र रही कार्यक्रमका लागि नियम ४ मा उल्लिखित मापदण्डका आधारमा कृषकको छनोट गरी कार्यालयमा सिफारिश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम समितिले गरेको निर्णयमा चित्त नबुझ्ने कृषकले कार्यक्रम कार्यान्वयन निर्देशक समिति समक्ष निर्णय सार्वजनिक भएको मितिले पाँच दिनभित्र स्पष्ट आधार र कारण सहित उजुरी दर्ता गराउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले पाँच दिनभित्रमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले निर्णय दिनु पर्नेछ र कार्यक्रम कार्यान्वयन निर्देशक समितिले दिएको निर्णय अन्तिम हुनेछ ।

**४. कार्यक्रम सञ्चालनका लागि कृषक छनोटको मापदण्ड** : (१) समितिले स्वीकृत बजेट भित्रको कृषि र पशु तर्फका कृषक लक्षित कार्यक्रमका लागि देहाय बमोजिम अंकभार सहितको मापदण्डका आधारमा कृषक छनोट गर्नु पर्नेछ :-

(क) बढी लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता वापत्- अधिकतम ५० अंक

(यस खण्डको प्रयोजनका लागि कुल ५० अंकमध्ये ५० प्रतिशत लागत साझेदारी व्यहोर्ने कृषकलाई ४५ अंक, ५१ प्रतिशतदेखी ६० प्रतिशतसम्म लागत साझेदारी व्यहोर्ने कृषकलाई ४८ अंक र ६१ प्रतिशतभन्दा बढी लागत साझेदारी व्यहोर्ने कृषकलाई ५० अंक प्रदान गरिनेछ)

(ख) सम्बन्धित प्राविधिकको प्रतिवेदन वापत्- अधिकतम १५ अंक

(यस खण्डको प्रयोजनका लागि कुल १५ अंकमध्ये विगतदेखी नै न्युनतम पूर्वाधार सहित कार्यक्रमसँग सम्बन्धित पेशा अवलम्बन गर्दै आएका पुराना कृषकलाई १५ अंक र नयाँ कृषकलाई १३ अंक प्रदान गरिनेछ)

(ग) कृषकको वर्गीकरण (क, ख र ग समुह) वापत्- अधिकतम २५ अंक

(यस खण्डको प्रयोजनका लागि कुल २५ अंकमध्ये सम्बन्धित वडाले क समुहका कृषक भनी गरेको सिफारिश वापत् २५ अंक, ख समुहका कृषक भनी गरेको सिफारिश वापत् २० अंक, र ग समुहका कृषक भनी गरेको सिफारिश वापत् १५ अंक प्रदान गरिनेछ)

(घ) जग्गाको क्षेत्रफल तथा स्वामित्व वापत्- अधिकतम १० अंक

(यस खण्डको प्रयोजनका लागि कुल १० अंकमध्ये कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने जग्गा आफ्नै स्वामित्वमा भएको कृषकलाई १० अंक र पाँच वर्ष वा सोभन्दा बढी अवधिका लागि लिज/भाडामा जग्गाको बन्दोबस्त गरेका कृषकलाई ८ अंक प्रदान गरिनेछ)

(२) उपनियम (१) बमोजिम कृषक छनोट गर्दा दुई वा सोभन्दा बढी कृषकहरुको बराबर अंक प्राप्त हुन आएमा दोस्रो गाउँसभाद्धारा पारित वडागत पकेट क्षेत्रसँग सम्बन्धित वडाका कृषकलाई अनुदान सिफारिशमा पहिलो प्राथमिकता दिने व्यवस्था नियम (५) बमोजिमको समितिले मिलाउनु पर्नेछ।

(३) कृषक छनोट गर्दा सकभर प्रत्येक वडाबाट दामासाहीका दरले कृषक समेट्ने गरिको व्यवस्था समितिले मिलाउनु पर्नेछ।

**५.अनुदान सिफारिश समिति** : (१) यस कार्यविधि बमोजिम स्वीकृत गाउँपालिका स्तरीय कार्यक्रम बाँडफाँड सहितको बजेटको परिधि भित्र रही कृषक छनोटदेखी अनुदान वितरणसम्मको सिफारिश गर्नका लागि देहाय बमोजिम अनुदान सिफारिश समिति रहनेछ :-

**(अ) पशु तर्फका कार्यक्रमका लागि-**

(क) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य एकजना -संयोजक

(ख) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य एकजना -सदस्य

(ग) विषयगत शाखा प्रमुख -सदस्य सचिव

**(आ) कृषि तर्फका कार्यक्रमका लागि-**

(क) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य एकजना -संयोजक

(ख) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य एकजना -सदस्य

(ग) विषयगत शाखा प्रमुख -सदस्य सचिव

(२) सम्बन्धित वडाको लागि दोस्रो गाउँसभाद्धारा पारित वडाको बजेट सिलिङ्गभित्रको परिधि भित्र रही कृषक छनोटदेखी अनुदान वितरणसम्मको सिफारिश गर्नका लागि प्रत्येक वडामा देहाय बमोजिम अनुदान सिफारिश समिति रहनेछ :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) कम्तीमा एकजना महिला सहित सम्बन्धित वडा समितिले तोकेको दुईजना वडा सदस्य -सदस्य
(ग) सम्बन्धित वडा अध्यक्षले तोकेको वडा मातहतका टोल विकास संस्थाको अध्यक्ष एकजना -सदस्य
(घ) विषयगत शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी -सदस्य सचिव
(३) उपनियम (१), र (२) बमोजिमका समितिले आफ्नो बैठकमा बढीमा दुई जनासम्म सम्बन्धित विज्ञ तथा अन्य पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछन् ।

**६. कृषकलाई अनुदान उपलब्ध गराइने** : (१) समितिको सिफारिशमा छनोट भएका कृषकलाई स्वीकृत बजेटको सीमाभित्र रही वस्तुगत सामाग्री वा पूर्वाधार निर्माणमा बढीमा पचास प्रतिशत बराबरको अनुदान मात्र कार्यालयले उपलब्ध गराउनेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइने अनुदानका लागि कृषकले लागत अनुमानको कम्तीमा पचास प्रतिशत रकम वा अनुदान प्राप्तिका लागि कृषकले कबोल गरेको पचास प्रतिशतभन्दा बढी रकम कार्यालयले तोकेको बैंक खातामा जम्मा गरि सो को सक्कलै भौचर पेश गरे पश्चात मात्र कार्यक्रम सम्झौताको कार्य अघि बढाइनेछ ।

(३) उपनियम (२) मा उल्लिखित व्यवस्था बमोजिम कुनै कृषक सम्झौता गर्न नआएमा सम्बन्धित कार्यक्रमको वैकल्पिक सुचीमा रहेका कृषकलाई माथि उल्लिखित प्रावधान बमोजिम सम्झौताका लागि सूचना जारी गरिनेछ ।

(४) उपनियम (१) तथा उपनियम (२) बमोजिम रकम जम्मा गरे पश्चात् कार्यालयले सम्बन्धित प्राविधिकबाट तयार भएको स्पेशिफिकेसन/लागत अनुमान बमोजिम सामाग्री खरिदको कार्य प्रचलित संघीय सार्वजनिक खरिद ऐनमा उल्लिखित खरिद प्रकृयाको अवलम्बन गरी अघि बढाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको प्रकृयाको अवलम्बन गरी सार्वजनिक खरिद गर्दा रकम बचत हुन आएमा समितिको सिफारिशमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले कार्यक्रमसँग सम्बन्धित थप कार्यक्रम यसै कार्यविधिमा उल्लिखित प्रकृयाको अवलम्बन गरी सञ्चालन गर्न सक्नेछ ।

(६) वस्तुगत सामाग्री खरिद तथा भौतिक पूर्वाधार निर्माणमा दुई दशमलव पाँच प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गरी कार्यक्रम सञ्चालनसँग सम्बन्धित प्राविधिक तथा प्रशासनिक कार्यमा खर्च गरिनेछ ।

(७) भौतिक पूर्वाधार निर्माण अनुदानको लागि नियम (११) को उपनियम (२) मा उल्लिखित अनुगमन तथा मुल्याँकन समितिले सम्झौता बमोजिमको कार्य सम्पन्न गरेको भनी सिफारिश गरेमा मात्र कार्यालयले सम्बन्धित कृषकलाई अनुदान उपलब्ध गराउनेछ ।

**७. कृषकलाई सहुलियत दरमा ऋणको व्यवस्था गर्न गाउँपालिका जमानी बसी दिन सक्ने** : (१) गाउँपालिकाबाट अनुदान पाएका गाउँपालिका क्षेत्रभित्र कियाशील सहकारी संघ/संस्थाहरुले ऋण लगानी गर्दा गाउँपालिका क्षेत्रभित्र व्यवसायिक कृषि पेशा अवलम्बन गर्न चाहने कृषकलाई पहिलो प्राथमिकतामा राखी सहुलियत दरमा ऋण उपलब्ध गराइदिन आवश्यकता अनुसार गाउँपालिका जमानीमा समेत बस्न सक्नेछ । यसका लागि गाउँपालिकाले त्यस्ता सहकारी संघ/संस्थाहरुलाई ऋण उपलब्ध गराइदिन औपचारिक अनुरोध गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यलाई व्यवस्थापन गर्नका लागि कार्यक्रम कार्यान्वयन निर्देशक समितिले गाउँपालिकाको तर्फबाट खेल्नु पर्ने भूमिका निर्वाह गर्नेछ, र सोको जानकारी कार्यपालिकामा गराउनु पर्नेछ ।

८. **कबुलियतनामा गर्नु पर्ने** : (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने प्रत्येक कृषकले प्राप्त अनुदानको यथोचित व्यवस्थापन गर्ने सम्बन्धमा कार्यालयले तोकेको ढाँचामा कार्यालय समक्ष कबुलियतनामा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कबुलियतनामामा अन्य कुराका अतिरिक्त अनुदानको दुरुपयोग गरेको पाइएमा भविष्यमा गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान, सेवासुविधा लगायतका अवसरबाट बञ्चित गरी त्यस्ता कृषकलाई कालोसुचीमा राखी दुरुपयोग भएको अनुदान सरकारी बाँकी सरह असुलउपर समेत गरिने व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

९. **दोहोरो अनुदान उपलब्ध नगराइने** : यस कार्यविधिको अन्यत्र नियममा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै प्रकृतिको गाउँपालिका स्तरीय कार्यक्रम र वडाको सिलिङ्गभित्रको कार्यक्रम तथा गत आर्थिक वर्षमा कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा गाउँपालिकाबाट अनुदान पाएका एउटै कृषकलाई सकभर दोहोरो पर्ने गरी अनुदान उपलब्ध गराइने छैन ।

१०.**अति विपन्न परिवारका लागि विशेष व्यवस्था गर्न सकिने** : (१) यस कार्यविधिको अन्यत्र नियमहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि अति विपन्न परिवार समुह भित्र पर्ने कम्तीमा पाँच परिवार मिली कम्तीमा दश कठ्ठा जग्गा भाडा/लिजमा लिई समुह मार्फत कार्यक्रम सञ्चालनका लागि आवेदन गरेमा समितिको सिफारिशमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले त्यस्ता समुहलाई पहिलो प्राथमिकतामा राखी स्वीकृत कार्यक्रम बाँडफाँड बमोजिमको अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको अनुदान कार्यक्रम सञ्चालनका लागि कार्यक्रम कार्यान्वयन निर्देशक समितिले लागत साझेदारीको हिस्सा, कार्यक्रम सञ्चालनको समयावधि लगायतका अन्य विषयहरु उपर आवश्यक निर्णय गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउन सक्नेछ ।

११. **अनुगमन तथा मुल्यांकन** : (१) गाउँपालिका स्तरीय र वडा स्तरीय कार्यक्रमको अनुगमन तथा मुल्यांकन क्रमश: गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रम अनुगमन समिति र वडा स्तरीय आयोजना तथा कार्यक्रम अनुगमन समितिले गर्नेछ ।

(२) कार्यपालिका मातहतको सम्बन्धित विषयगत समितिले यस कार्यविधि बमोजिम सञ्चालन भएका कार्यक्रमहरुको प्रभाव, उपादेयता लगायतका विषयमा निरन्तर अनुगमन तथा मुल्यांकन गरी कार्यपालिकामा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२.**कार्यक्रम कार्यान्वयन निर्देशक समिति** : गाउँपालिकामा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन निर्देशक समिति रहनेछ :-

(क) गाउँपालिका अध्यक्ष -संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य
(ग) कम्तीमा एकजना महिला सहित कार्यपालिकाले तोकेको दुईजना कार्यपालिकाका सदस्य -सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

१३.**बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्न कुनै द्विविधा वा बाधा अड्चन परेमा कार्यक्रम कार्यान्वयन निर्देशक समितिले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा वा बाधा अड्चन फुकाउन सक्ने र सोको जानकारी कार्यपालिकामा गराउनु पर्नेछ ।

# अनुसुची १
# पशुसेवा तर्फको कार्यक्रम बाँडफाँड

| सि.नं. | क्रियाकलाप | बजेट बाँडफाँड रकम (रु.) | खर्च व्यहोर्ने शीर्षक तथा उपशीर्षक |
|---|---|---|---|
| १. | हिउँदे घाँस वीउ खरिद/ढुवानी अनुदान | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| २. | सर्जिकल सामाग्री खरिद | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ३. | लिक्विड नाइट्रोजन कन्टेनर खरिद | १ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ४. | ट्रे विज निर्माण | ८० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ५. | बर्षे/बहुवर्षे घाँसको बीउ खरिद गरी बिरुवा उत्पादन | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ६. | आन्तरिक तथा बाह्रय परजिवी नियन्त्रण कार्यक्रम (कृषकहरुलाई नि:शुल्क वितरण) | २ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ७. | पशु बिमा प्रवर्द्धन कार्यक्रम (अभिमुखीकरण तालिम समेत) (नेपाल सरकारले व्यहोर्ने बाहेकको रकममा कृषकसँग ५०/५० प्रतिशत साझेदारीमा) | ४ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ८. | पशु नश्ल सुधार प्रोत्साहन कार्यक्रम | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ९. | पशु नश्ल सुधार कार्यक्रम मार्फत सुत्केरी भएका प्रत्येक गाई/भैंसीलाई रु. १,०००।- सुत्केरी भत्ता वितरण | ३ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १०. | पशुपंक्षी पालन/प्रवर्द्धनसँग सम्बन्धित कम्तीमा एक दिवसीय तालिम | १ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ११. | सेवा परामर्श | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |

| | | | |
|---|---|---|---|
| १२. | भैपरी (कृषक सम्मान, पुरस्कार, आदि) | ७० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १३. | बीस माउभन्दा बढी बाखा पालन गर्ने कृषकसँग ५०/५० प्रतिशत लागत साझेदारीमा उन्नत जातका बोका खरिद गरी हस्तान्तरण (२२ वटा प्याकेज) | ११ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १४. | बीस माउभन्दा बढी सुँगुर/बँगुर पालन गर्ने कृषकसँग ५०/५० प्रतिशत लागत साझेदारीमाे खोर निर्माण/सुधार कार्यक्रममा सहयोग (४ वटा प्याकेज) | ६ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १५. | स्थानीय सञ्चारमाध्यमबाट सुचना तथा जानकारी प्रचारप्रसार, सम्प्रेषण | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १६. | छनोट समिति र निर्देशक समितिको बैठक सञ्चालन/अनुगमन तथा मुल्यांकन | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १७. | वार्षिक प्रतिवेदन तयारी र छपाई | ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १८. | १०० वटाभन्दा बढी बाखा पालिरहेका कृषकलाई ५०/५० प्रतिशत लागत साझेदारीमा खोर निर्माण/सुधार कार्यक्रममा सहयोग (एकवटा प्याकेज) | १ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ४ बाट खर्च लेख्ने । |
| १९. | २०० भन्दा बढी लोकल कुखुरा पालिरहेका कृषकलाई ५०/५० प्रतिशत लागत साझेदारीमा खोर निर्माण/सुधार कार्यक्रममा सहयोग (एकवटा प्याकेज) | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ४ बाट खर्च लेख्ने । |
| २०. | ५० माउभन्दा बढी सुँगुर/बँगुर पालिरहेका कृषकलाई ५०/५० प्रतिशत लागत साझेदारीमा खोर निर्माण/सुधार कार्यक्रममा सहयोग (एकवटा प्याकेज) | १ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ४ बाट खर्च लेख्ने । |
| २१. | २५ माउभन्दा बढी गाई पालिरहेका कृषकलाई ५०/५० प्रतिशत लागत साझेदारीमा गोठ निर्माण/सुधार कार्यक्रममा सहयोग (एकवटा प्याकेज) | १ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ४ बाट खर्च लेख्ने । |
| | **जम्मा** | **४४ लाख** | **४४ लाख मध्ये ३८ लाख ५० हजार बजेट किसानको खुशी, पशुपालन र कृषि बाट व्योहोर्ने ।** |

हल्दीबारी राजपत्र

# अनुसुची २
# कृषि तर्फको कार्यक्रम बाँडफाँड

| सि.नं. | कियाकलाप | बजेट बाँडफाँड रकम (रु.) | खर्च व्यहोर्ने शीर्षक तथा उपशीर्षक |
|---|---|---|---|
| १. | धान उत्पादन प्रवर्द्धन गर्न स्थानीय सहकारी/कृषक समुहसँग ५०/५० प्रतिशत लागत साझेदारीमा ५ वटा धान काट्ने मेशिन खरिद तथा वितरण (सकभर प्रत्येक वडामा एक/एक वटा पर्ने गरी) | ७ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको सहकारी उपशीर्षक (इ) बाट खर्च लेख्ने । |
| २. | अर्गानिक/स्थानीय उत्पादन प्रवर्द्धन गर्न सहकारी संस्थासँग ५०/५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन (पुर्वाधार तथा सामाग्री समेत) (कम्तीमा ५ वटा प्याकेज) | ७ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको सहकारी उपशीर्षक (इ) बाट खर्च लेख्ने । |
| ३. | अर्गानिक/स्थानीय उत्पादन प्रवर्द्धन तालिम (सि.नं. २ बमोजिमका सहकारी संस्था) | ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको सहकारी उपशीर्षक (इ) बाट खर्च लेख्ने । |
| ४. | कृषकसँगको ५०/५० प्रतिशत लागत साझेदारीमा सिँचाई मोटर खरिद तथा वितरण (सबै वडा) | ४५ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ३ बाट खर्च लेख्ने । |
| ५. | जनप्रतिनिधि, टोल विकास संस्था र विद्यालयस्तर (मा.वि.)मा रसायन न्युनीकरण सम्बन्धी सचेतनामुलक एक दिवसीय अभिमुखीकरण गोष्ठी सञ्चालन, होर्डिङ्ग बोर्ड निर्माण, ब्रोसर छपाई, प्रचारप्रसार आदि । | ५ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ५ बाट खर्च लेख्ने । |
| ६. | कृषक समुहसँगको ५०/५० प्रतिशत लागत साझेदारीमा मकै रोप्ने मेशिन खरिद तथा वितरण | २ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ७. | हल्दीबारी, जलथल र गोलधापमा कियाशील सहकारी संस्था/कृषक समुहसँगको ५०/५० प्रतिशत लागत साझेदारीमा ३ थान धान रोप्ने मेशिन खरिद तथा वितरण | १० लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ८. | व्यवसायिकरुपमा ५ कठ्ठा भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्ने कृषक समुहलाई ५०/५० प्रतिशत लागत साझेदारीमा सामाग्री अनुदान (उन्नत जातको वीउ, मल, आदि) | २ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ९. | वडा नं. २ मा ५०/५० प्रतिशत लागत साझेदारीमा तोरी पेल्ने मेशिन खरिद तथा वितरण | ४ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ४ बाट खर्च लेख्ने । |
| १०. | कृषक समुह/सहकारीसँग ५०/५० प्रतिशत लागत साझेदारीमा मकै छोडाउने मेशिन | २ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| ११. | व्यवसायिक तरकारी खेती विषयक २ दिने तालिम | १ लाख ३० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |
| १२. | माटो जाँचका लागि नमूना लिने तरिका सम्बन्धी एक दिवसीय स्थलगत तालिम | ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने । |

| | | | |
|---|---|---|---|
| १३. | माटो परीक्षण शिविर कार्यक्रम | ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने। |
| १४. | स्थानीय सञ्चारमाध्यमबाट सुचना तथा जानकारी प्रचारप्रसार, सम्प्रेषण | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने। |
| १५. | भैपरी | ७० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने। |
| १६. | सेवा परामर्श | १ लाख | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने। |
| १७. | वार्षिक प्रतिवेदन तयारी र छपाई | ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. २ "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमबाट खर्च लेख्ने। |
| १८. | वैदेशिक रोजगारीबाट फर्कि हल्दीबारीमै कृषि क्षेत्र मार्फत उद्यमशील भएका व्यक्तिलाई ५०/५० प्रतिशत लागत साझेदारीमा सामाग्री अनुदान सहयोग (५ जना युवालाई) | २ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ६ बाट खर्च लेख्ने। |
| १९. | वैदेशिक रोजगारीबाट फर्कि हल्दीबारीमै कृषि क्षेत्र मार्फत उद्यमशील हुन चाहने व्यक्तिलाई ५०/५० प्रतिशत लागत साझेदारीमा सामाग्री अनुदान सहयोग (५ जना युवालाई) | २ लाख ५० हजार | सभाबाट स्वीकृत आर्थिक विकास शीर्षकको कृषि उपशीर्षक (अ) को सि.नं. ६ बाट खर्च लेख्ने। |
| | **जम्मा** | ९६ लाख | ९६ लाख मध्ये किसानको खुशी, पशुपालन र कृषि बाट २१ लाख ५० हजार व्यहोर्ने। |

आज्ञाले,
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

हल्दीबारी राजपत्र